स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायिका बिन्दु पौडेलले नयाँ गीत 'जिन्दगी के छ र' बजारमा ल्याएकी छिन्। गीतमा उनलाई शिव हमालले स्वरमा साथ दिएका छन्। गीतको शब्द तथा सङ्गीत पनि हमालले नै तयार पारेका हुन्। गीतमा सुनिल परियारको सङ्गीत संयोजन रहेको छ। लामो समयदेखि आएकी बिन्दुले बेला बेलामा नेपाली गीत सङ्गीत ल्याउने गर्दछिन्। गीतको भिडियोमा कलाकार सागर लम्साल 'बले'र गायिका बिन्दुको मुख्य अभिनय छ।

**आजको विचार...**



खाडीको...
(दुई पेजमा)

शम्भु कोइराला

चलचित्र 'मालती मंगले' को शीर्ष गीत सार्वजनिक गरिएको छ । काठमाडौंमा एक समारोहकाबीच यक्त चलचित्रको टाइटल गीत 'सुनैको सपनी' सार्वजनिक गरिएको हो । अभिनेतृ वर्षा राउत तथा अभिनेता विजय बराललाई फिचर्ड गरिएको यो गीतमा गायक रामकृष्ण ढकाल र गायिका रचना रिमालको स्वर छ । साथै चलचित्रमा प्रकाश घिमिरे, सरिता गिरी, सुस्मा निरौला, सुनिल तामाङ, उमेश सुनाम, शकु साह, सुचित्रा उप्रेती, दिनेश शाही, रिजन परियार, तारा शर्मालगायतको अभिनय छ ।



❐ वर्ष ३१ ❐ अंक २३२ ❐ २०८२ चैत ७ गते शनिबार 21 March 2026, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### मध्यपूर्व तनाव चर्कियो

(रासस/एएफपी)

**पेरिस,** चैत ६/मध्यपूर्वमा जारी युद्ध थप व्यापक बन्दै जाँदा खाडी क्षेत्रदेखि युरोपसम्म यसको असर फैलिएको छ । क्षेप्यास्त्र र ड्रोन आक्रमण, प्रतिआक्रमण, ऊर्जा पूर्वाधारमा क्षति र कूटनीतिक सक्रियता एकैसाथ तीव्र बनेका छन्, जसले क्षेत्रीय सुरक्षा मात्र नभई, विश्वव्यापी स्थायित्वमा पनि चिन्ता बढाएको छ । शुक्रबार खाडी क्षेत्रका विभिन्न देशहरूमा आक्रमण र प्रतिरक्षात्मक कारबाही देखिएको छ । एमिराटी र कुवेतका अधिकारीहरूले आफ्नो हवाई सुरक्षा प्रणालीले क्षेप्यास्त्र आक्रमणलाई जवाफ दिइरहेको बताएका छन् । साउदी अरबको रक्षा मन्त्रालयले देशको पूर्वी भागमा १० वटा र उत्तरी क्षेत्रमा थप एक ड्रोन रोकी नष्ट गरिएको जानकारी दिएको छ । बहराइनले भने 'इरानी आक्रामकता' का कारण एक गोदाममा आगलागी भएको पुष्टि गर्दै मानवीय क्षति नभएको जनाएको छ । सैबीच, संयुक्त अरब इमिरेट्सले आन्तरिक सुरक्षामा कडाइ गर्दै इरान र लेबनानी समूह हिजबुल्लाहसँग सम्बन्धित कथित सञ्जालका कम्तीमा पाँच सदस्य पक्राउ गरेको जनाएको छ । सरकारी सञ्चारमाध्यमका अनुसार उक्त समूहमाथि बाह्य पक्षहरूसँग समन्वय गर्दै राष्ट्रिय अर्थतन्त्रमा घुसपैठ गर्ने योजना बनाएको आरोप लगाइएको छ । युद्धको केन्द्र इरान र इजरायलबीच प्रत्यक्ष टकरावमा केन्द्रित देखिन्छ ।

# लुम्बिनी प्रादेशिक अस्पतालमा 'एमआरआई' सेवा सुरु

रासस

**लुम्बिनी,** चैत ६/लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा आजदेखि 'एमआरआई'सेवा सुरु भएको छ । पश्चिम नेपालकै सबैभन्दा धेरै बिरामीलाई स्वास्थ्य सेवा प्रदान गर्दै आएको यस अस्पतालको ११६औँ स्थापना दिवसमा एमआरआई सेवा सुरुआत गरिएको हो ।

लुम्बिनी प्रदेश सरकारको आर्थिक लगानीमा एमआरआई मेसिन जडानपछि सेवा सञ्चालनमा ल्याइएको हो । सेवाग्राहीको बढ्दो चाप र जनअपेक्षालाई ध्यानमा राख्दै सीमित स्रोत र साधनको अधिकतम प्रयोग गरी सेवा प्रवाहलाई गुणस्तरीय बनाउँदै लगिएको छ । एमआरआई सेवाको आज लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले उद्घाटन गरे । उनले लुम्बिनी प्रादेशिक अस्पतालका सेवा थप प्रभावकारी बनाउन प्रतिष्ठानका रूपमा विकास गर्ने गरी पहल भइरहेको




बताए । विशिष्ट र विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच थप सुनिश्चित गर्न प्रतिष्ठानको अवधारणा अघि सारिएको उनले स्पष्ट पारे । मुख्यमन्त्री आचार्यले प्रदेशभित्रै सबै प्रकारका रोगको उपचार सम्भव हुने गरी अस्पतालको सेवा विस्तारलाई प्राथमिकतामा राखिएको बताए । उनले नमूना अस्पतालका रूपमा विकास गर्ने गरी प्रदेश सरकारले काम अघि बढाएको जानकारी दिए । प्रदेश सरकारले सेवा विस्तारलाई प्राथमिकता दिएको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले सस्तो र सुलभ गुणस्तरीय स्वास्थ्य सेवा पाउने वातावरण बनेको बताए । एमआरआई मेसिन जडान भएपछि सेवाग्राहीले अब सस्तो र सुलभ ढङ्गले सेवा लिन पाउने उनले विश्वास व्यक्त गरे । एक हजार २०० शय्याको अस्पताल निर्माणको काम अघि बढेको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले विगत २१ महिनाको अवधिमा ४० प्रतिशत भौतिक प्रगति भएको र तीन वर्षभित्र सबै सेवा नयाँ भवनबाट सञ्चालन गर्ने योजना रहेको बताए । स्वास्थ्यमन्त्री खेमबहादुर सारुले लुम्बिनी प्रादेशिक अस्पताल प्रदेशकै गौरव भएको उल्लेख गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउनेगरी काम भइरहेको बताए । कार्यक्रममाबुटवल उपमहानगरपालिकाका उपप्रमुख सावित्रा अर्याल, स्वास्थ्य सचिव दुर्गालक्ष्मी श्रेष्ठ, अस्पताल विकास समितिका अध्यक्ष अजयमान श्रेष्ठ, अस्पतालका प्रमुख प्रशासक प्रेमराज गौतमलगायतले अस्पतालको सेवा प्रभावकारी बनाउन सबैको समन्वय र सहकार्य जरुरी रहेको बताए । सो अवसरमा अस्पतालका सुपरिटेन्डेन्ट डा इन्द्र ढकालले अस्पतालको प्रगति र भावी योजनाबारे जानकारी दिएका थिए । सो अवसरमा अवकाशप्राप्त कर्मचारीलाई कदरपत्र प्रदान गरी सम्मान गरिएको थियो । साथै २५ वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई दीर्घसेवा पदक प्रदान गरिएको थियो ।

# आउँदो आर्थिक वर्षका लागि आन्तरिक ऋणको सीमा निर्धारण

**काठमाण्डौ,** चैत ६/राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आउँदो आर्थिक वर्ष २०८३/८४ का लागि सै, प्रदेश र पालिकाले लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण गरेको छ । समष्टिगत आर्थिक अवस्था, राजस्वको प्रवृत्ति, खर्चको दबाब र वित्तीय बजारको अवस्थालाई आधार मानेर आयोगले ऋण परिचालनमा अनुशासन कायम गर्न जोड दिँदै तीनै तहका सरकारलाई औपचारिक सिफारिस गरिएको जनाएको छ ।




आयोगले यसअघि सरकारलाई गरेको सिफारिसअनुसार सैंघीय सरकारले आउँदो आर्थिक वर्षमा कुल गार्हस्थ उत्पादनको अधिकतम ५.५ प्रतिशतसम्म मात्रै आन्तरिक ऋण परिचालन गर्न पाउनेछ । समष्टिगत स्थायित्व कायम राख्न तथा ऋणको दिगोपन सुनिश्चित गर्न यो सीमा तोकिएको आयोगले जनाएको छ । प्रदेश सरकारका हकमा भने आन्तरिक ऋण उठाउने अधिकारलाई निश्चित सर्तसँग बाँधिएको छ । प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँट र आफ्नै आन्तरिक स्रोतबाट सङ्कलित राजस्वको कुल योगफलको अधिकतम १२ प्रतिशतसम्म मात्र आन्तरिक ऋण लिन सक्ने व्यवस्था गर्न आयोगको सिफारिस छ । यसका लागि आवश्यक कानूनी, संरचनागत तथा प्रक्रियागत पूर्वाधार पूरा भएको हुनुपर्ने र नेपाल सरकारको पूर्वस्वीकृति अनिवार्य हुने व्यवस्था गरिएको छ । पालिकाका लागि पनि समान प्रकृतिको सीमा निर्धारण गरिएको छ । आयोगका अनुसार पालिकाले सै र प्रदेशबाट प्राप्त राजस्व बाँडफाँट तथा आफ्नै स्रोतबाट प्राप्त आम्दानीको कुल योगफलको अधिकतम १२ प्रतिशतसम्म आन्तरिक ऋण उठाउन सक्नेछन् । यसमा पनि नेपाल सरकारको स्वीकृति अनिवार्य हुनेछ । यद्यपि, पालिकामा पूर्वाधार निर्माणका लागि नेपाल सरकारले स्थापना गरेको विशेषीकृत संस्थामार्फत प्रवाह हुने ऋणमा भने यो सीमा लागू नहुने उल्लेख छ । ऋण लिँदा आयोजनाको लागत-लाभ विश्लेषण, खुद वर्तमान मूल्य तथा आन्तरिक प्रतिफल दरको मूल्याङ्कन अनिवार्य गर्नुपर्नेछ ।

## क्षयरोगबाट बचौं र बचाऔं।

-खोक्दा र हाछ्यूँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
-दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
-क्षयरोग लागेमा नि:शुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
-नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ,
-चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
-क्षयरोग लागेको बिरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
-बिरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
-क्षयरोग लागेको बिरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,
"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## कविता, संवेदनाको आवाज र समाजको दर्पण

हरेक वर्षा मार्च २१ मा मनाइने विश्व कविता दिवसले मानव जीवनमा कविताको महत्त्वलाई पुनः स्मरण गराउने अवसर प्रदान गर्छ । कविताले केवल शब्दहरूको सजावट मात्र होइन, भावनाको गहिराइ, अनुभूतिको तीव्रता र समयको साक्षी बन्ने क्षमता बोकेको हुन्छ । जब समाज अन्योल, अन्याय वा संक्रमणको चरणमा हुन्छ, त्यतिबेला कविताले नै मानिसका मनका आवाजलाई अभिव्यक्त गर्ने माध्यम बन्छ ।

नेपालजस्तो विविध भाषा, संस्कृति र भौगोलिक विशेषता भएको देशमा कविताको परम्परा अझै समृद्ध र जीवित छ । लोकगीतदेखि आधुनिक कवितासम्म, हाम्रा सिर्जनाहरूले समाजका पीडा, संघर्ष र आशालाई शब्दमा उतारिरहेका छन् । कविताले इतिहासका घटनाहरूलाई मात्र होइन, जनताको चेतनालाई पनि दिशा दिने काम गरेको छ । आजको डिजिटल युगमा, सामाजिक सञ्जाल र प्रविधिको तीव्र विकासले कवितालाई नयाँ स्वरूप र पहुँच दिएको छ । युवापुस्ताले आफ्ना अनुभूति र विचारहरू छोटा कवितामार्फत सार्वजनिक गरिरहेका छन्। यसले सृजनशीलताको विस्तार त गरिरहेको छ, तर गुणस्तर र गहिराइको सवाल पनि उठाएको छ । त्यसैले, सिर्जनात्मक स्वतन्त्रतासँगै उत्तरदायित्व पनि उत्तिकै आवश्यक देखिन्छ ।

कविता केवल साहित्यिक अभ्यास होइन, सामाजिक परिवर्तनको एउटा सशक्त माध्यम पनि हो । अन्याय, विभेद र असमानताको विरुद्ध आवाज उठाउन कविताले महत्वपूर्ण भूमिका खेलेको इतिहास छ । आज पनि, जब समाज विभिन्न चुनौतीसँग जुधिरहेको छ, कविताले सचेतना र प्रेरणा दिन सक्छ ।

विश्व कविता दिवसको सन्दर्भमा, हामीले कवितालाई केवल उत्सवको विषय नबनाई, दैनिक जीवनसँग जोड्ने प्रयास गर्नुपर्छ । विद्यालयदेखि सार्वजनिक मञ्चसम्म, कविताको अभ्यास र सम्मान बढाउन आवश्यक छ। नयाँ प्रतिभालाई प्रोत्साहन गर्दै, पुराना सिर्जनाहरूको संरक्षण गर्नु पनि उत्तिकै महत्वपूर्ण छ । अन्ततः, कविता मानव आत्माको अभिव्यक्ति हो– जसले हामीलाई सोच्न, महसुस गर्न र परिवर्तनका लागि प्रेरित गर्छ । यस दिवसले हामी सबैलाई कविताप्रति थप संवेदनशील र उत्तरदायी बन्न प्रेरणा दिन सकोस् ।

### Opinion @ Social Network

सुन्दरता आकर्षण को कारण हुन सक्छ
परन्तु प्रेमको जन्म ब्याबहार बाट हुने गर्छ ।
*(मोहन बस्नेतको फेसबुक स्टाटसबाट www.facebook.com/Mohan.Basnit)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# खाडीको तनाव र नेपाल



## शम्भु कोइराला

*सामान्य वादविवादमा पनि धम्क्याउने अस्त्र बनेको छ । हाम्रो देश प्राकृतिक रूपमा स्रोतसाधन सम्पन्न भए तापनि हाम्रो नीति, प्रेरणादायी नेतृत्व, सामाजिक मान्यताहरूको कारण उत्पादनमुखी बन्न सकेको छैन ।*

**नमागिएको सल्लाह :** रुस-युक्रेन युद्धको सन्त्रासबाट पिरोलिरहेको विश्वलाई अमेरिका-इज्रायल-इरान युद्धले अझ बढी सन्त्रस्त बनाएको छ । रुस-युक्रेन युद्धले अमेरिका र युरोपलाई बढी प्रभावित गरेको थियो भने अमेरिका-इरान युद्धले दक्षिणपूर्वी एशियाका नेपाललगायत सबै देशलाई प्रभावित गरेको छ । तेल उत्पादक देशहरूमा फैलिएको युद्धको कारण विश्व बजारमा तेलको मूल्यमा वृद्धि हुँदा जीवनयापन कठिन बन्दै गएको छ । यसले विश्व अर्थतन्त्रको वृद्धिदरलाई नकारात्मक प्रभाव पार्ने निश्चित छ ।

**युद्धको फैलावट**

युद्ध आफैंमा राम्रो मानिँदैन । धर्मयुद्ध, निश्चित कारणका लागि लडिएको युद्ध हो जे जस्तो नाम दिए तापनि युद्ध मानव-सभ्यता र समृद्धिलाई पछि धकेल्ने खराबी हो । मानव चेतनाले अद्भूत र अकल्पनीय प्रगति गरेको छ । युद्धले त्यस प्रगतिलाई निमेषभरमा समाप्त गरिदिन्छ । विश्व-नेता हुँ भन्नेहरूले युद्धको बीजारोपण गर्न होइन, युद्ध हुनै नदिन, सम्भावित युद्ध टार्न र भइरहेका युद्ध समाप्त गर्न प्रयास केन्द्रित गर्न सक्नुपर्दछ । अमेरिकी राष्ट्रपतिको रूपमा डोनाल्ड ट्रम्पको आगमनपछि एउटा लय र प्रणालीमा चलिरहेको विश्व व्यवस्थामा परिवर्तन भएको छ । संयुक्त राष्ट्र संघ आर्थिक संकटको चपेटामा परेको छ । यसको प्रयोजन उल्लेखनीय भए तापनि आवश्यकता परेको समयमा प्रभावहीन देखिएको छ । फेब्रुवरी २८, २०२६ मा अमेरिका र इज्रायलले इरानको आणविक केन्द्र र सैन्य पूर्वाधारमा लक्षित गरेर आक्रमण गर्‍यो । यही दिनको आक्रमणमा परेर सर्वोच्च नेता अयातोल्ला अलि खोमेनीलगायत सर्वोच्च नेताका तीन पुस्ताका सदस्यहरूको मृत्यु भयो । केही दिनअगाडि इरानको रिभोल्युसनरी गार्डस (आइआरजिसी) का सचिव लारिजानीको मृत्युले इरानलाई झन् आक्रोशित बनाएको छ । इरानले उपयुक्त समयमा सही जवाफ दिने प्रतिक्रिया दिएको छ । इरानी विदेशमन्त्रीले इरानको शासन व्यवस्था प्रणालीमा चलेको कारण कसैको मृत्युको कारण तहसनहस नहुने बताएका छन् । उनले इरान विकल्प तयार गरेर बसेको भन्ने धारणासमेत व्यक्त गरेका छन् । यस युद्धको समस्याको जरो इरानको परमाणु विकास हो । परमाणु हतियार विकास गर्न लागेको भन्दै अमेरिकाले सन् २०१८ देखि इरानमाथि कडा आर्थिक प्रतिबन्ध लगाउँदै आएको छ । इरानले आफ्नो परमाणु कार्यक्रम पूर्णरूपमा शान्तिपूर्ण र ऊर्जा प्रयोजनका लागि भएको दाबी गर्दै आए तापनि अमेरिका-इज्रायल यसलाई स्वीकार गर्न तयार देखिँदैनन् । इरानले बुशेहरमा रहेको परमाणु ऊर्जा संयन्त्रमा प्रोजेक्टाइल खसेको सूचना आइएइएलाई दिएको छ । यसले परमाणु दुर्घटनाको जोखिम बढेको छ । इरानको बुशेहरको परमाणु ऊर्जा केन्द्र इरानको एकमात्र सञ्चालनमा रहेको रियाक्टर हो जसलाई सन् २०११ मा राष्ट्रिय विद्युत् सञ्जालमा जोडिएको थियो । तेल रिफाइनरीहरूमा आक्रमण भएको छ । विश्वमा तेल संकट चुलिँदो छ । युद्धमा भएको ध्वंसको कारण इरानमा कालो वर्षा भएको छ । यसबाट युद्धबाट उल्लेखनीय रूपमा वातावरणीय क्षति भएको छ । इरानले पनि छिमेकमा रहेका अमेरिकी सैन्यकेन्द्रमा मात्र होइन अन्य पूर्वाधारमा पनि आक्रमण गरिरहेको छ । यसले गर्दा वैदेशिक रोजगार व्यवसायबाट प्राप्त हुने विप्रेषण आम्दानीबाट अर्थतन्त्र धानिरहेका देशहरू संकटग्रस्त हुने सम्भावना देखापरेको छ । यो युद्धको कारण नाटो राष्ट्रहरूबीच मनोमालिन्य देखिएको छ । संयुक्त अधिराज्य, स्पेनलगायतलाई यो युद्धमा होमिन अस्वीकार गरेका छन् । राष्ट्रपति ट्रम्प यिनीहरूप्रति आक्रामक देखिएका छन् । स्वयं राष्ट्रपति ट्रम्पको विश्वसनीय टिमबीच असहमति देखिएको छ । अमेरिकी आतंकवाद केन्द्र प्रमुख जो केन्टले इरानविरुद्धको युद्धको विरोध गर्दै राजिनामा दिएका छन् । इरानबाट अमेरिकालाई खतरा छैन भन्ने भनाइ केन्टको रहेको छ । इजरायल र त्यससँग सम्बन्धित अमेरिकी लबीको दवावको कारण युद्धमा होमिनुपरेको उनको भनाइ छ । केन्ट उनै व्यक्ति हुन् जसकी पत्नी सिरियाको आत्मघाती आक्रमणमा मारिएकी थिइन् । यसलाई सम्झिँदै केन्टले अर्को पुस्तालाई युद्धमा होम्न नसकिने बताएका छन् । ट्रम्पले भने केन्टको क्षमतामाथि प्रश्न उठाएका छन् । नाटो सदस्य राष्ट्रहरू, खाडी क्षेत्रका सहयोगी राष्ट्रहरू, केन्ट जस्ता अमेरिका भित्रकै सहयोगीहरूको सल्लाहलाई मध्यनजर राख्दै विनाशकारी युद्धमाथि विराम लगाउनु मानव सभ्यताका लागि समुचित हुने निश्चित छ । स्ट्रेट अफ हर्मुजबाट ढुवानी बन्द गरेर इरानले दबाब सिर्जना गर्न खोजेको छ । इरान र ओमनका बीचमा रहेको यो बाटोबाट करिब बाइस प्रतिशत तेल ढुवानी गरिन्छ । यो बाटो हुँदै जाने जहाजहरू आक्रमणको निसानामा परिसकेका छन् । यो बाटो सहज नभएको अवस्थामा भारतमा पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या देखिनेछ । नेपालले भारतको इण्डियन आयल कर्पोरेसनमार्फत तेल आयात गर्ने भएकाले नेपालको आपूर्ति प्रणाली पूर्णप्रभावित हुनेछ । तेल, ग्यासको भाउ आकासिनेछ । रणनीतिक महत्वको यो बाटोको स्वामित्व इरानबाट खोसेर अरूलाई दिने अमेरिकी राष्ट्रपतिको भनाइले इरानलाई झन् रुष्ट बनाएको छ । **नेपालमा खाडी युद्धको प्रभाव** हरेक दिन विदेश जाने दुई हजार युवाहरू रोकिएका छन् । कार्यस्थलमा खतरा छ भन्ने जानेर पनि उनीहरूलाई विदेशिनुपर्ने विवशता छ । विदेशमा भएकाहरू सन्त्रासको जीवन व्यतीत गरिरहेका छन् । नेपालमा रहेका परिवारका सदस्यहरू चिन्ताले रातभरि सुत्न नसक्ने अवस्थामा छन् । विदेश जाँदा लागेको ऋण तिर्न सकेको छैन, देशमा आउँदा रोजगारी छैन, यो निम्न वर्गीय नेपाली युवाको अहिलेको अवस्था हो । यो युद्ध अझ लम्बिँदै गयो भने परिस्थिति झनै भयावह बन्ने अवस्था छ । खाडी क्षेत्रमा रहेका करिब बीस लाख नेपालीहरू, फर्किने अवस्था बन्यो भने कसरी व्यवस्थापन गर्ने भनेर नेपालले सोच्नुपर्ने बेला आएको छ । वैदेशिक रोजगारीबाट फर्कने युवाको व्यवस्थापनमात्र होइन, घटेको विप्रेषणले पार्ने प्रभावको पनि विश्लेषण गर्न ढिलो गर्नु हुँदैन । घट्दो विप्रेषणले विदेशी मुद्रा सञ्चितिमा पनि नकारात्मक प्रभाव पार्ने भएकाले यसको असर बहुआयामिक हुने निश्चित छ । युद्धको कारण फर्किएका युवालाई रोजगारीको व्यवस्था गर्ने विषय भनेजति सजिलो छैन । भर्खरै सकिएको चुनावमा रोजगारीको नारा त खुबै लागेको छ तर नारा र वास्तविकतामा आकाश जमिनको फरक छ । रोजगारीको सिर्जना निजी क्षेत्रले गर्ने हो । सरकारी प्रयासको हिस्सा नगण्यमात्र रहन्छ । जेन-जी आन्दोलनपछि नेपालको निजीक्षेत्र आहत भएको छ । आन्दोलनमा आगजनी गर्नेहरू चुनावमा विजयी भएर आएका छन् । जनताले उनीहरूलाई अभूतपूर्व रूपमा पुरस्कृत गरेका छन् । आफ्नै घर प्रतिष्ठानमा आगजनी र लुटपाट गर्ने शासनमा बसेको अवस्थामा उनीहरूले थप लगानीका लागि प्रयास गर्लान् कि भएको लगानी अर्को सुरक्षित स्थानमा लान प्रयत्न गर्लान् भन्ने बुझ्न केही समय कुर्नुपर्ला तर अहिलेको अनिश्चयको अवस्थामा उनीहरूले पर्ख र हेरको नीति अपनाउनेछन् भन्नेमा चाहिँ शंका गर्नुपर्दैन । अब नयाँ सरकार बन्ने अवस्थामा छ । अहिले उसको क्षमता र कार्यशैली हेर्न बाँकी छ तर यति भन्न सकिन्छ । सरकारमा गएको सुरुवाती दिन चुनौतीपूर्ण छन् । ग्यास अभाव छ । पेट्रोल, डिजेल महँगो भएको छ । नेपाल आयल निगमले मूल्य स्थिरीकरण कोषबाट नब्यहोर्ने हो भने अर्को दुई सातापछि पेट्रोल प्रतिलिटर दुई सय आसपास र डिजेल सोभन्दा केही कममात्र हुनेछ । पेट्रोलियम पदार्थ महँगिएको कारण ढुवानी भाडा बढ्नेछ । जसको कारण सबै चीज अहिलेको भन्दा महँगा हुनेछन् । युद्धको असर हरेक नेपालीको भान्सामा पुग्नेछ । कतिपय वस्तुमा त मूल्यवृद्धि भइसकेको छ । युद्ध जति लम्बिँदै जान्छ, नेपाली जनजीवनमा नकारात्मक प्रभाव बढ्दै जानेछ । यसका लागि तत्कालीन उपाय भनेको कृषिप्रणालीमा परिवर्तन गरी उत्पादन वृद्धि गर्ने हो तर अहिलेका युवालाई खेतबारीमा फर्किन मन छैन । उनीहरूलाई पूरा समय स्क्रोल गरेकै भरमा सबै सुखसयल चाहिएको छ । जुन कुरा वास्तविक जीवनमा सम्भव छैन । अबको दुनियाँ विश्वव्यापीकरणको नहुन सक्छ । व्यापार युद्ध एक/दुई नेताको सनकमा चर्किन थालेको छ । सामान्य वादविवादमा पनि धम्क्याउने अस्त्र बनेको छ । आयातबाट मात्र अर्थतन्त्र धान्नेहरूका लागि अहिलेको भन्दा धेरै खराब दिन आउनेवाला छ । हाम्रो देश प्राकृतिक रूपमा स्रोतसाधन सम्पन्न भए तापनि हाम्रो नीति, प्रेरणादायी नेतृत्व, सामाजिक मान्यताहरूको कारण उत्पादनमुखी बन्न सकेको छैन । जबसम्म आफ्नो उत्पादनमा भरपर्ने अवस्था रहँदैन, गुलामी त्यहीबाट सुरु हुन्छ । कसैको गुलाम नबन्ने भनेर नारा घन्काउनेहरूले आफ्नो उत्पादन र उत्पादनको समुचित बजारीकरण गर्नमा तन्मयता देखाउन अनिवार्य छ । नेपाली हामी गफिन सिपालु छौं तर कर्मशीलतालाई दलाली र बिचौलियागिरीले सुलुत्तै निलिदिएको छ । हरेक जाति जनजातिलाई सम्मानका लागि बिदा घोषणा गरिदिनुपर्छ । कर्ममा होइन बिदामा हामी सम्मान देख्छौं । हाम्रा यस्ता प्रवृत्तिमा आमूल परिवर्तन नभएसम्म विश्वमा देखिने सानातिना घटनाबाट हाम्रो अर्थतन्त्र र हाम्रो चुलो प्रभावित भइ नै रहन्छ । अहिले पश्चिम एशियामा देखिएको लडाइँले तेस्रो विश्वयुद्धलाई निम्तो दिन सक्छ । जसरी धार्मिक कट्टरपन्थी देश इरानको उच्च नेतृत्वमाथि अर्को पक्षले क्षति पुर्‍याएको छ यसले इरानी नेतृत्व र इरानी समाजमा गम्भीर चोट पुर्‍याएको छ । यो चोट सामान्य प्रयासबाट निको हुने अवस्था देखिँदैन । इरानको लामो तयारी र विकट भौगोलिक अवस्था, धार्मिक कट्टरपन्थी समाज, चीन-रुसको अमेरिकालाई अराजक बन्न नदिने रणनीतिको कारण अमेरिका इजरायलले लडाइँलाई आत्मसमर्पणमा पुर्‍याउनसक्ने अवस्था देखिँदैन । संयुक्त राज्य अमेरिका स्वयं थलसेना पठाएर लामो समयको लडाइँ लड्न इच्छुक नहुनसक्छ । अफगानिस्तान र भियतनाममा लज्जास्पद पराजय भोगेर फर्केको अनुभवलाई अमेरिकाले पक्कै पाठ सिकाइको रूपमा लिएको हुनुपर्छ । सम्मानजनक युद्धविरामका लागि तत्काल वातावरण देखिँदैन । यस्तो अवस्थामा युद्ध लम्बियो भने नेपालमा नयाँ जनादेश प्राप्त सरकरले नवीन, शालीन र सन्तुलित तरिकाले आक्रामक तयारी गर्नुपर्छ, जसका लागि बन्नै लागेको सरकार सफल हुनेछ भन्ने अपेक्षासम्म गर्न सकिन्छ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

- **मेष** : अतिरिक्त काम र मेहनत गर्नुपर्ला। वैदेशिक रोजगारमा सफलता मिल्नेछ।
- **वृष** : चोटपटकको भय छ सचेत रहनुहोला, तर शुभ कार्यको थालनी हुनेछ ।
- **मिथुन** : शिक्षाको क्षेत्रमा प्रगति हुनेछ। नयाँ काम गर्ने अवसर प्राप्त हुनेछ।
- **कर्कट** :सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ । वैदेशिक क्षेत्रको काम भने अधुरै रहला ।
- **सिंह** : नयाँ योजना बनाउन सकिनेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।
- **कन्या** : साथीको सहयोग र हौसला मिल्नेछ । यात्राको योग रहेको छ ।
- **तुला** : साथीको सहयोग र हौसला मिल्ने छ । यात्राको योग रहेको छ ।
- **वृश्चिक** : नयाँ काम गर्ने अवसर प्राप्त हुनेछ। कामबाट फाइदा उठाउन सकिनेछ।
- **धनु** : नयाँ र शुभकार्यको चर्चा चल्नेछ। चिताएको कामले तीव्रता लिनेछ ।
- **मकर** : काममा सफलता मिल्नेछ । परीवारको सहयोग प्राप्त हुनेछ ।
- **कुम्भ** : भौतिक साधन जुटाउने समय छ । रमाइलो यात्राको योग रहेको छ ।
- **मीन** : प्रेमबिच खिन्नता बढ्नेछ । ताकेको काम नबन्नाले दिक्क लाग्नेछ ।

# साहित्य दर्पण

निबन्ध — भाष्कर मैनाली शर्मा

## कठोरता र करुणाबीचको शिक्षक

दार्जीलिङको कुहिरोले ढाकिएको शान्त बिहान थियो। चियाबारीका हरिया पाखाहरूबाट बिस्तारै घामका सुनौला किरणहरू झुल्किँदै थिए। विद्यालयतर्फ जाँदै गर्दा चिसो हावाले अनुहार छुन्थ्यो, अनि मनमा एक प्रकारको ताजगी भरिन्थ्यो । त्यही परिवेशमा म आफ्नो शिक्षक जीवनका दिनहरू बिताइरहेको थिएँ–अनुभवले भरिएको, तर अझै पनि सिकाइको यात्रामा अगाडि बढिरहेको एक शिक्षकको रूपमा । मेरो शिक्षक जीवन छोटो भए पनि विविध अनुभवले समृद्ध भइसकेको थियो । मैले तीनवटा फरक-फरक विद्यालयहरूमा अध्यापन गरिसकेको थिएँ–कहिले दार्जीलिङका शान्त र चिसा कक्षाकोठाहरूमा, त कहिले सिलिगुडीको तातो र चहलपहलयुक्त विद्यालय वातावरणमा । पुस्तकहरूले धेरै कुरा सिकाए, तर विद्यार्थीहरूले सिकाएको पाठ अझ गहिरो र जीवन्त थियो । तर यी सबै अनुभवहरूका बीचमा एउटा कुरा सधैं मेरो मनमा प्रश्नको रूपमा उभिरहन्थ्यो– किन म छात्र केटाहरूसँग सजिलै कडा हुन सक्छु, तर छात्रा छोरी नानीहरूसँग भने कडा हुन सक्दिन ? त्यस प्रश्नको उत्तर खोज्ने क्रममा मेरो स्मृतिमा सधैं एउटा घटना ताजै भएर आउँछ । त्यो दिन पनि म कक्षा पाँचमा पढाउँदै थिएँ । कक्षाकोठा सामान्य रूपमा चलिरहेको थियो। मैले बोर्डमा पाठ लेख्दै विद्यार्थीहरूलाई व्याख्या गरिरहेको थिएँ । तर मेरो ध्यान बेला-बेला कक्षाको एक कुनामा पुग्थ्यो, जहाँ बसेकी थिइन् एउटी छात्रा–उनको नाम यहाँ निरुता राखौं। निरुता पढाइमा कमजोर थिइन्। उनी प्राय: पाठमा ध्यान दिन सक्दिनथिन्। तर यसको अर्थ यो होइन कि उनी अयोग्य थिइन– बरु उनको मन अत्यन्तै चञ्चल र कल्पनाशील थियो । कहिले उनी बाहिरको आकाशतिर हेरेर आफ्नै संसारमा हराइरहेकी हुन्थिन्, त कहिले घरका कुनै स्मृतिहरूमा डुबिरहेकी । मैले उनलाई ध्यान दिएर पढ्न धेरैपटक सम्झाइसकेको थिएँ । त्यस दिन पनि उनी आफ्नै धुनमा हराइरहेकी थिइन्। अन्तत: म अलि कडा स्वरमा बोलें– “निरुताङ्क कति पटक भनिसकेको छु, ध्यान दिएर पढ्नुपर्छ भनेर” मेरो आवाज सुनेर उनी झसङ्ग भइन्। उनले टाउको उठाइन् र ठूला-ठूला आँखाले मलाई हेर्न थालिन्। त्यो हेराइमा डर मात्र थिएन, त्यसभित्र एक प्रकारको असहायता र मौन विन्ती पनि लुकेको थियो–जस्तो कि उनी भन्न चाहिरहेकी हुन्, “म प्रयास त गरिरहेकी छु, तर म सफल हुन सकिरहेको छैन ।” केही क्षणमै उनका आँखाबाट आँसुका थोपा झर्न थाले । त्यो दृश्य देख्दा पनि म केहीबेर गाली गरिरहेँ, तर भित्रभित्रै मेरो मन नरम बन्दै गइरहेको थियो । मैले पढाउन त सुरु गरें, तर मेरो ध्यान बारम्बार उनीतिर तानिन्थ्यो । अन्तत: मैले आफैंलाई रोक्न सकिनँ । म बिस्तारै उनको नजिक गएँ । उनको टाउकोमा हल्का हात राख्दै म कोमल स्वरमा भनें– “निरुता, रोएछौ पो तिमी... अबदेखि यस्तो नगर्नु है।” मैले सोचेको थिएँ–सायद यसले उनी शान्त हुन्छिन् । तर उल्टै भयो । उनका आँसु झन् तीव्र रूपमा बग्न थाले । पहिलेको रुवाइ त केवल सुरुवात मात्र रहेछ, अब त मानौं उनको मनभित्र थुप्रिएको सबै भावना एकैचोटि बाहिर निस्कन थाले । त्यो दृश्य देखेर मेरो मनमा एक प्रकारको द्वन्द्व उत्पन्न भयो–एकातिर उनीप्रति गहिरो सहानुभूति जाग्यो, अर्कोतिर अनौठो रूपमा हल्का हाँसो पनि आयो । म मनमनै मुस्कुराएँ, तर बाहिर आफ्नो भावनालाई नियन्त्रणमा राख्दै गम्भीर रूपमा उनलाई बस्न इशारा गरें । कक्षा फेरि सामान्य रूपमा अगाडि बढ्यो, तर मेरो मन भने त्यस घटनाबाट प्रभावित भइसकेको थियो। कक्षा सकिएपछि जब म विद्यालयको प्राङ्गणबाट बाहिर निस्किएँ, दार्जीलिङको चिसो हावाले मलाई छोयो। तर त्यो बाहिरी चिसोपनाभन्दा बढी मेरो मनभित्र एउटा गहिरो प्रश्न तातिरहेको थियो– किन म छात्रा नानीहरूसँग कडा हुन सक्दिन ? समय बित्दै गयो। पछि म सिलिगुडीको अर्को विद्यालयमा अध्यापन गर्न पुगें। त्यहाँको वातावरण फरक थियो–तातो हावा, चर्को आवाज, र फरक सामाजिक पृष्ठभूमिका विद्यार्थीहरू । तर त्यो प्रश्न भने मेरो मनबाट हटेन । धेरै सोचविचारपछि बिस्तारै मैले यसको उत्तर बुझ्न थालें। छात्रा नानीहरू प्राय: आफ्नो भावनालाई खुलेर व्यक्त गर्छन् । उनीहरूको आँसु कमजोरीको प्रतीक होइन, त्यो उनीहरूको भावनात्मक भाषाको एक रूप हो । जब उनीहरू गाली सुन्छन्, उनीहरूको मनले त्यसलाई गहिरो रूपमा अनुभव गर्छ, र त्यो अनुभव आँसुको रूपमा बाहिर प्रकट हुन्छ। सायद, म शिक्षकको रूपमा त्यो भावनात्मक भाषालाई सजिलै बुझ्न सक्ने भएकोले, उनीहरूसँग कडा हुन खोज्दा पनि मेरो मनले साथ दिँदैनथ्यो । त्यस दिनपछि मैले एउटा महत्वपूर्ण कुर ा सिकें–शिक्षक हुनु भनेको केवल अनुशासन कायम गर्नु होइन, विद्यार्थीहरूको मनोविज्ञान बुझ्नु पनि हो । अब म कक्षामा कहिलेकाहीँ हल्का हास्यको प्रयोग गर्दै वातावरण सहज बनाउने प्रयास गर्छु। म विद्यार्थीहरूलाई मुस्कुराउँदै भन्छु–“हेर्नु है, म गाली त गर्छु, तर रोएर मलाई नै अप्ठ्यारोमा नपार्नु !”यसले कक्षामा हाँसोको लहर फैलिन्छ। विद्यार्थीहरू नडराईकन आफ्नो कुरा व्यक्त गर्न थाल्छन्, र पढाइ पनि बिस्तारै रमाइलो बन्छ । दार्जीलिङको कुहिरो र सिलिगुडीको गर्मीबीच, मैले आफ्नो शिक्षक जीवनको एउटा महत्वपूर्ण पाठ सिकें–कहिले कडा हुनु आवश्यक हुन्छ, तर कहिले नरम भएर विद्यार्थीको मन बुझ्नु अझ आवश्यक हुन्छ । अन्तत:, साँचो शिक्षक त्यही हो, जसले केवल ज्ञान दिन सक्दैन, तर विद्यार्थीको भावनालाई पनि सम्मान गर्न सक्छ ।

*-समकालीन साहित्य डटकम*

*समय बित्दै गयो। पछि म सिलिगुडीको अर्को विद्यालयमा अध्यापन गर्न पुगें। त्यहाँको वातावरण फरक थियो–तातो हावा, चर्को आवाज, र फरक सामाजिक पृष्ठभूमिका विद्यार्थीहरू । तर त्यो प्रश्न भने मेरो मनबाट हटेन । धेरै सोचविचारपछि बिस्तारै मैले यसको उत्तर बुझ्न थालें। छात्रा नानीहरू प्राय: आफ्नो भावनालाई खुलेर व्यक्त गर्छन् । उनीहरूको आँसु कमजोरीको प्रतीक होइन, त्यो उनीहरूको भावनात्मक भाषाको एक रूप हो । जब उनीहरू गाली सुन्छन्, उनीहरूको मनले त्यसलाई गहिरो रूपमा अनुभव गर्छ, र त्यो अनुभव आँसुको रूपमा बाहिर प्रकट हुन्छ। सायद, म शिक्षकको रूपमा त्यो भावनात्मक भाषालाई सजिलै बुझ्न सक्ने भएकोले, उनीहरूसँग कडा हुन खोज्दा पनि मेरो मनले साथ दिँदैनथ्यो । त्यस दिनपछि मैले एउटा महत्वपूर्ण कुर ा सिकें–शिक्षक हुनु भनेको केवल अनुशासन कायम गर्नु होइन, विद्यार्थीहरूको मनोविज्ञान बुझ्नु पनि हो । अब म कक्षामा कहिलेकाहीँ हल्का हास्यको प्रयोग गर्दै वातावरण सहज बनाउने प्रयास गर्छु। म विद्यार्थीहरूलाई मुस्कुराउँदै भन्छु–“हेर्नु है, म गाली त गर्छु, तर रोएर मलाई नै अप्ठ्यारोमा नपार्नु !”यसले कक्षामा हाँसोको लहर फैलिन्छ। विद्यार्थीहरू नडराईकन आफ्नो कुरा व्यक्त गर्न थाल्छन्, र पढाइ पनि बिस्तारै रमाइलो बन्छ ।*

क्लासिक कथा — रमेश विकल

## बमको छिर्का

गएको राती फूलमतीले औधी राम्रो सपना देखेकी थिई- उसको बुढेसकालको एकमात्र सहारा श्यामु लडाइँबाट घर फर्केछ, घरभित्रै नपसी फेरि लगत्तै फर्केछ- यस्तो सपना देखेपछि उसको छातीभित्र सुकिसकेको आशाको मूल फेरि पलाएको थियो । घर आएर घरभित्र नपसी लगत्तै फेरि परदेशमै फर्क्यो भने त्यो पदरेशी घर नफर्की छोड्दैन, यो हाम्रा बूढापाकाको भनाइ कहिल्यै विस्तुर खाँदैन । त्यसै विश्वासको आधारमा आज फूलमती मनभित्र अटाईनअटाई भएकी छ । “आज पक्का पक्का कि त श्यामु, त्यति नभए पनि उसको खबरसम्म त जरुरै आउँछ ।” यो आशाको पिलपिले बत्तीलाई घरीघरी उकास्छे अनि कामै नभए पनि फरह्याक र फुरुक, तल र माथि गरिरहन्छे । आज त्यो बूढिआमा, छ: सात वर्षपछि फेरि यौवनको जोश उमेको देखिन्छ । वैलाएको बूढो गुलाबमा बिहानको शीतले क्षणिक जीवन दिए झै रातीको सपनाले उसको बूढो नसामा पनि गति भरेको छ । आज पूरा छ: वर्ष भयो, फूलमतीको एक्लो छोरो श्यामु रातदिनको पीर-साहुको पीर, पेटको पीर, संसारको पीर-खप्न नसकेर देश पसेको । त्यहाँदेखि उसको अत्तोपत्ता नै थिएन न चिठी, न पत्र । बुढियाका कैयौं आँसु छातीमै सुकेर गए, कैयौं चीत्कार फदयमै बिलाएर गए, तर त्यो कसैले देखेन, जानेन । बुढियाले आफ्नो त्यो आँखाको नानीको खबर पाउन कति देउता भाकी, कैयौं गणेशजीलाई लडडु ख्वाउने कबोल गरी, तर उसको लडडु कुनै गणेशले पनि रुचाएनन्, उसको पूजाविना कुनै देवी देउता पनि भोकाएनन् । उसको सानो आशा, कोपिलाबाट कैल्यै पनि फूलमा हाँस्न सकेन । किन्तु आज रातीको सपनाले उसको उजाड आशाउद्यानमा फेरि नयाँ वसन्त हँसाएको थियो, जीवनको राग गुञ्जाएको । त्यसैले ऊ आज आफ्नो उमेरलाई पनि बिर्सेर बीसवर्षे जोशमा फरह्याक र फुरुक गर्दै छ । पल्लाघर बाटुली, राताघर ठाइँली, सबैकहाँ गएर उसले आफ्नो सपनाको कुरा प्रफुल्ल मनले बताइसकेकी थिई । एउटा कुराचाहिँ उसले बिर्सिन पौडेल्नीबज्यैलाई चाहिँ सपना कहिन किनकि उसलाई केटाकेटीमा आमाहरूले भन्थे कि पौडेल थर भएका मान्छेलाई सपना खाइदिन्छन्, त्यसैले । अनि अर्को काम उसले पल्लाघरे पुतलीकहाँबाट एकमाना चामल पैंचो गरेर मीठोसँग पकाएर राखेकी थिई । आज ऊ कैयौं वर्षपछि छोरालाई आफ्नै हातले तृप्तिसँग ख्वाउँछे-यत्रावर्षसम्म उसले के खायो, कसो खायो, अथवा भोकभोकै सुक्यो, के पत्तो ? सबै काम सकेर फूलमती ढोकोको फक्ल्याँटो समातेर उभिई र आफ्ना तेलहीद र चिरतृषित आँखा घरमुनि गोरेटोमा लगेर बिछ्याई ।

आज उसको श्यामु त्यै गोरेटोबाट आउँछ, अनि बुढियाको छातीबाट एउटा दीर्घ सुस्केरा निस्केर शून्यमा मिल्यो र हावाको तरङ्गमा त्यो तरङ्गित भयो- “हे परमेसोरी मेरो सपनाको फल पर्तछे होस्, के सत्येनारान, हे सूर्जेबिना, म हजुर्को पूजा गरौंला ।” मानो समस्त वायुमण्डल नै यो पुकार र भाकलको करुण रागमा रँगियो । जतिजति दिन वैलाउँदै गयो, उति उत्ति फूलमतीको उत्सुकता मौलाउँदै गयो । उसका कान बाहिर खत्रक्क गरेको आवाजमा पनि भरखरको बाछोको गन्ध अथवा स्वरको आहट पाएर सजग भएकी लैनी गाईका झै ठाडा हुन्थे । सन्ध्या क्रमश: डाँडापछाडि लुक्दै गइन् । पूर्वदिशाबाट अन्धकारको पाउडर संसारको समस्त अस्तित्व मेटाउन, समस्त प्रकृतिमा वर्षन थाल्यो । अगाडिको गोरेटो, दोबाटोको पीपल चौतारी, श्यामलीको घर, सबका सब कालो थानोमा बेरिए झै देखिए । त्यै चौतारीमा बसेर गर्ने चराचुरुङ्गीको चिरबिर क्रमश: शान्त हुँदै गयो । आकाश चुरेको सुरुङ औ त्यसमा चम्कने तारा असंख्य जुनकीरी झै लागे । फूलमतीको आशा-दीप पनि अब चहकिलो हुँदै गयो । बाहिरको सानो सानो खर्त्याक, खुत्रुकमा पनि उसको मुटुको हनाइ साधारणभन्दा बढ्न थाल्यो, ऊ आफ्ना निस्तेज आँखा तिखारेर त्यो अन्ध-समुद्र मा आफ्नो छोरो खोज्न थाली । किन्तु, अब उसका निस्तेज आँखा तिखारेर त्यो अन्ध-समुद्र मा आफ्नो छोरो खोज्न थाली । किन्तु अब उसका निस्तेज आँखाले त्यो अन्धकारको कुनाकाप्चा सबै छामछाम-छुमछुम गर्दा पनि श्यामुको अस्तित्व पाउँदैनथ्यो, अनि फदयमा घोर निराशाको विष झै फैलिन्थ्यो उसका प्रत्येक अवयवका नसानसा शिथिल हुन्थे । उसको फदयमा एउटा मूक प्रश्न जन्मन्थ्यो- “श्यामु आउला ?” रात जतिजति आफ्नो कालो फदयको पोल खोल्दै जान्थ्यो, उतिउति त्यो प्रश्नको गति र त्यसको बीचको अवधि साँगुरिदै जान्थ्यो- “श्यामु आउला ?” “श्यामु आउला” श्याम, के आउला ? किन्तु यसको जवाफ कसले दिने ? बुढियाको शिरमाथि चस्कने ताराहरू पनि उसलाई रोइरहे हैं लाग्दथे । बुढियाको आशादीप विस्तारै मधुरिदै जान्थ्यो । “लडाइँमा गएको छोरो” फूलमतीको मुटु बेतोडसँग हल्लिन्थ्यो लडाइँको मौलोमा बली दिन घाँटीमा पासो लाएर घिच्याइएको बोको-मान्छे श्यामु ।

बुढियाका आँखा शून्य भएर त्यै अन्धकार आकाशको पटमा टाँसिए । ऊ त्यै असंख्य ताराको मौन पिलपिलमा आफ्नो प्रिय छोराको कथा सुन्ने कोशिश गर्न थाली, असंख्य तरकागणका बीचमा आफ्नो लाललाई खोज्न थाली । क्रमश: त्यो अन्धकारको विशाल प्लेटफर्म उसको आँखामा प्रलय क्षेत्रको रूपमा र त्यसमा पिलपिलाउने तारागण असंख्य नेपाली छोराउको श्यामु र अरू नेपाली नौजवान । उनीहरूको मूक-आवाजमा प्रार्थना, सजल र स्थिर आँखामा मौन व्यथा छ, आफ्नी प्यारी मातृभूमि, आफ्नो स्नेहमयी जननी, भाइ, बहिनी, बाबु, दाज्यू, काका अनि बिहाको तेस्रो रातमा आँसुमा पौहुँदी छोडेर आएकी कोरली बाछीजस्ती दुलही इत्यादिसँगको मिलनको तीव्र लालसा प्रबल इच्छा लिएका नेपाली नौजवान पिचत्तर कम्पनीमा साम्राज्यको बलिवेदीमा बली दिन किनेर लगिएका, औ आफ्नो इच्छाको विरुद्ध कुइरेको बन्दुकको कुन्दाले ठेलिएका, अन्त्यमा मातृभूमिको दर्शक गह्रौं वासना छातीभत्र लिए सदाको निमित्त रण-चण्डीका ! एउटा तारा तीव्र प्रकाशको एउटा माला बनाउँदै अनन्तमा विलन भयो । फूलमतीको आँखा अगाडिको दृश्य बदलियो । अन्तरिक्षको कुना कुना विशाल रण-ज्वालामा हुरहुरी जल्न थाल्यो । घाम, पानी, निद्रा, भोक, प्यास र थकाइको मारले शिथिल, त्यसमाथि हातहतियारको बोझले कुप्रिएका, आफ्नो इच्छाविरुद्ध कुइरेको कमाण्डमा अगाडि बढ्न कर लगाइएका नेपाली नौजवानहरू, अनि उसको श्यामु । फूलमतीको छातीभित्र ममताको बाढी उर्लेर आयो । उसलाई लाग्यो, उसको श्यामुका आतुर आँखा उतिरै एकटक गडेका छन् यो आँखा, जसमा त्यो भयानक मृत्युको बजारबाट भागेर आमाको शीतल र शान्त काखमा लुसुक्क लुक्ने गहिरो उत्सुकता, नमर्ने इच्छा छचल्किरहेको छ । .... अनि..... ? अकस्मात् दृश्य बदलिन्छ । वायुमण्डलमा खलबली मचिन्छ- हवाई जहाजको घरघर, तोपको गर्जाइ, मान्छेको करुण चीत्कार र मृत्यु दानवहरूको विकट अट्टहास, सबै मिलेर अन्तरिक्षको सतहमा भुइँचालो.... ती नौजवानहरूको चिल्लीबिल्ली... कुनै रूख र ककराहरूको आडमा, कुनै त धर्तीआमाको छातीमा त्यसै लेटेका अनि त्यहाँ फेरि एउटा बज्र परे झै आवाज... धूवाको, धूलोको कुइरीमण्डल अन्धकार ! फदय चिर्ने चीत्कार, प्रलयकालको कोलाहल, एक क्षण अगिका हाड, छाला, आँसुका चल्ने, फिर्ने पुतलीहरू श्मसानमा मूढाका रूपमा, अनि झर्ना, खोला, पहाड, वन, फूल, लताले सिँगारिएको प्रकृति, सब भस्म, सब खरानी-श्मसानको जीउँदो रूप ।

प्रलयको सच्चा तसबीर । उसको छातीबाट एउटा मूक-चीत्कार निस्केर शून्यमा बिलायो- “श्यामू आएन ।” किन्तु त्यसै बेला बाहिर निगालोको झालमा खुत्रुक्क शब्द भएर फूलमतीको मुटु एकपटक फेरि हल्लाइदियो । हत्तपत्त हुलेको ढोकाको फक्लेटो फेरि उघारेर उसले बाहिर अन्धकारमा आँखा गाडी । आँधी उघारेको ढोकाको अन्तरबाट निस्केको डिबियाको मरन्ज्याँसे उज्यालोले उसको आँखालाई थोरै मात्रामा सहायता दिइरहेको थियो । अन्धकारको मुटु भेटौंला झै फूलमतीले आफ्नो आँखा तिखारी, गोरेटो भेटेसम्म लगी तर उसको श्यामु थिएन । झ्यालबाट एउटा कालो ढाडे निस्केर त्यो प्रकाश रेखालाई नाघेर भाग्यो । फूलमतीको फदयमा यसले भयानक चोट पार्यो । उर्लेको मुटुको वेग स्याप्प बस्यो । ऊ भित्र गई, विचार गरी, घर्तीको जहानले भरखरै धन्दा सिध्याई-भरखरै खलबल गर्दै थिई, खोक्दै थिई । ..... अझै बेला टरिसकको छैन ।” अनि उसले एउटा टुकीमा तेल थपी । “अझै बेला बितिसकेको त छैन ।” फूलमतीले सुनी, सबै सुनी । सुन्नुको साथै उसको कल्पनाका आँखाहरू सुदूर मलाया घाँटीमा असंख्य नेपाली नौजवानको लाशको माझमा श्मसान बनेको प्रकृतिको काखमा, बमको ज्वालामा मूढोतुल्य बनेको श्यामुको लाशमा अडे । चार-पाँच वर्षदेखि फदयमा आशा जमाएर पर्खिरहेकी बुढी आमाले त्यो सुनेर न कन्दरा थर्काउने गरी कङ्गला शब्दले डाँको नै छोडी, न त मझेरी हिल्याउने गरेर भलभलती आँसु नै काढी । साइँलोले त्यो टुकीको मधुरो उज्यालोमा देख्यो, बुढियाको अनुहार बज्र लागेर लडेको मानिसको जस्तै नीलो, फुस्रो, आतङ्कित-मूक वाणीविहीन, तर प्याक्क खुलेको, अनि स्थिर, निर्जीव, मानो कुनै पाषाणमूर्तिमा जडेको फटिकको गुच्चा ! साइँलो आत्तियो ।“कान्छीयाँ । कान्छीयाँ ।” उसले घच्घच्यायो तर कान्छीआमाको चेत अस्तित्व त्यहाँ थिएन । आफ्नो त्यो एकमात्र छोराको साथमा दुनियाँको सम्पूर्ण आशा र आकाङ्क्षा लडाइँको आगोमा डढाएकी बुढी आमाको शरीर त्यहाँ थियो तर चेतना अदृश्य दुनियाँमा । उसका स्थिर आँखामा एउटा मौनफिराद थियो-मौन-वेदना र मूकवाणी । साइँलोले देख्यो, आज सुदूर मलया घाँटीमा साम्राज्य-अग्निमा स्वाहा होमेको बमको छिर्का सुदूर नेपालको एउटा कुनामा, पहाडको शान्त काखमा, दिन गनेर बसिरहेकी नेपाली आमाको बूढो छातीमा आएर गडेको थियो ।

*-साहित्यपोस्ट डटकम*

# बैंक म्यानेजरमाथि हातपात गरेको अभियोगमा पक्राउ



**पाल्पा,** चैत ६/हिमालयन वैंक पाल्पा शाखाका प्रवन्धक माथि हातपात गरेको अभियोगमा एक महिलालाई शुक्रवार दिउसो पाल्पा प्रहरीले पक्राउ गरेको छ ।

रेग्मी जनरल सप्लायर्स र रेग्मी स्टार्स पाल्पा तानसेनकी प्रोप्राराईटर मन्जु रेग्मीले, ऋण नपाएको झोकमा बैंकका हाकिम माथि २०८२ माघ २५ गते दिउसो ३ बजेको समयमा हातपात गरेकी थिईन् । रेग्मीले हातपात गरे पछि हिमायन बैकको तर्फबाट हातपात र अभङ्गव्यवहार गरेको भन्दै जिल्ला प्रहरी कार्यालय पाल्पा समक्ष बैंकका म्यानेजर प्रकाश सुवेदीले लिखित जाहेरी दिएका थिए । जाहेरी पछि, रेग्मीलाई प्रहरीले नगरानी राखेको थियो । चैत्र ६ गते शुक्रवार पाल्पा उद्योग वाणिज्य संघको निर्वाचनमा मनोनयनका लागि संघको कार्यालयमा आएको मौकामा महिला प्रहरीले नियन्त्रणमा लिएर सोध पुछ भई रहेको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायव उपरीक्षक ओम प्रकाश चौधरीले शित्तलपाटीडटकम संग पुष्ट गरे । प्रहरीले नियन्त्रण लिए पछि, आरोपि मन्जु रेग्मीले भने, आफुले गल्ती नगरको जिकिर गरेकी छन् ।


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

**विज्ञापन दररेट परिवर्तन भएको सूचना**

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन दररेट**

**साधारण तर्फ**

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/ |

**सरकारी तर्फ**

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ७००/- |

**डिस्प्ले**

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

**अन्य**

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**कैलाशनगर मिडिया प्रा.लि.**

ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


## खेलकुद समाचार

### पुलिसले लगातार दोस्रो पटक जय ट्रफी क्रिकेटको उपाधि



**काठमाडौं,** चैत ६/त्रिभुवन आर्मी क्लबलाई ४ विकेटले हराउँदै नेपाल पुलिस क्लबले लगातार दोस्रो पटक जय ट्रफी एलिट कप क्रिकेटको उपाधि जितेको छ । आर्मीले दिएको २२७ रनको लक्ष्य पुलिसले खेलको तेस्रो तथा अन्तिम दिन ६ विकेट गुमाएर भेटायो । पुलिसका रशिद खानले ८१, कुशल भुर्तेलले ५१ रन बनाए । आर्मीका शाहब आलम र पवन कार्कीले २/२ विकेट लिए । दोस्रो पारीमा आर्मीले २२६ रन बनाएको थियो । आर्मीका आकाश चन्दले ३७, कुशल मल्लले ३६, शाहब आलमले ३३, भीम सार्कीले ३२ रन बनाएका थिए । पुलिसका सागर ढकालले ४ तथा करण केसी र ललित राजवंशीले ३/३ विकेट लिएका थिए । यसअघि मूलपानी मैदानमा टस हारेर ब्याटिङ गरेको आर्मीले पहिलो पारीमा २२१ रन बनाएको थियो । आर्मीका इमरान शेखले ५० रन बनाएका थिए । पुलिसका रशिद खानले ४ तथा करण केसी र ललित राजवंशीले ३/३ विकेट लिएका थिए । पुलिसले पनि पहिलो पारीमा २२१ रन बनाएको थियो । पुलिसका करण केसीले नटआउट ७२ रन बनाएका थिए । आर्मीका सोमपाल कामीले ५ विकेट लिएका थिएका थिए । चार वटा टोली सहभागी प्रतियोगितामा सिङ्गल राउन्ड रोबिनको खेलपछि आर्मी र पुलिस शीर्ष दुईमा रहँदै फाइनलमा पुगेका थिए । लिग चरणको खेल दुई दिनको भएको थियो ।


**वर्गिकृत डिस्प्ले**


१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

### सुनको भाउ एकैदिन ७ हजार ८०० ले घट्यो




**पाल्पा,** चैत ६/हप्ताको अन्तिम कारोबार दिन सुनचाँदीको भाउ घटेको छ । सुनको भाउ शुक्रबार एकैदिन ७ हजार ८०० ले घटेर तोलाको २ लाख ९४ हजार ५०० रुपैयाँमा कारोबार भइरहेको नेपाल सुनचाँदी व्यवसायी महासैले जनाएको छ । बिहीबार सुनको भाउ तोलाको ३ लाख २ हजार ३०० रुपैयाँ रहेको थियो । सुनको भाउ तीन दिनयता घटिरहेको छ । अस्ति बुधवार तोलाको ३ लाख ७ हजार ७०० रहेको सुनको भाउ हिजो ५ हजार ४०० रुपैयाँले घटेको थियो । शुक्रबार चाँदीको भाउ ११५ रुपैयाँले घटेर तोलाको ४ हजार ८९५ रुपैयाँमा कारोबार भइरहेको छ । बिहीबार चाँदीको भाउ तोलाको ५ हजार १० रुपैयाँ रहेको थियो ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१८६४, ५२१८६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट शितलपाटी.कम www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई